# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पौष ११ गते २०२९ साल

### सर्वोच्च अदालतको

### सूचना

निजामति सेवा नियमावली २०२१ को नियम ८.२ को खण्ड (च) ले दिएको अधिकार प्रयोग गरी सम्माननीय प्रधान न्यायाधीशज्यूबाट यस अदालतका ना.सु. श्री विष्णुनारायण श्रेष्ठलाई खोटाङ० जिल्ला अदालतको रा. प. तृतीय श्रेणीको जिल्ला न्यायाधीश पदमा मिति ०२९।७।२९ देखि कायम मुकायम मुकरर गरिएको छ ।

आज्ञाले-
ध्रुवबहादुरसिंह थापा
निमित्त रजिष्ट्रार

### सर्वोच्च अदालतको

### सूचना

सम्माननीय प्रधान न्यायाधीशज्यूबाट तेह्रथुम जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री चन्द्रप्रसाद पराजुलीलाई संखुवासभा जिल्ला अदालतको जिल्ला न्यायाधीश भई काम गर्न मिति ०२९।८।१९।२ देखि काज खटाईएको छ ।

आज्ञाले-
पृथ्वीबहादुर सिंह
का. मु. रजिष्ट्रार

226



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सर्वोच्च अदालतको
## सूचना

यस अदालतमा दायर रहेको मुद्दा मामिलामा असमर्थ पक्षको तर्फबाट बहस गर्न देहायका व्यक्तिलाई मिति ०२६।८।१५।५ देखि ३ महीनाको लागि बैतनिक कानून व्यवसायीमा नियुक्ति गरिएको छ ।

(१) अधिवक्ता श्री प्रेमकृष्ण पाठक ।
(२) अधिवक्ता श्री रोहिणीराज सिग्देल ।

आज्ञाले–
ध्रुववरसिंह थापा
निमित्त रजिष्ट्रार

## सर्वोच्च अदालतको
## सूचना

सम्माननीय प्रधान न्यायाधीशज्यूबाट सेती अञ्चल अदालतका अञ्चल न्यायाधीश श्री षडानन्दप्रसाद उपाध्यायलाई गण्डकी अञ्चल अदालतको अञ्चल न्यायाधीश भै काम गर्न मिति ०२६।८।१६।२ देखि काज खटाईएको छ ।

आज्ञाले–
पृथ्वीबहादुर सिंह
का. मु. रजिष्ट्रार

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

५२८

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।